**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)


**चौरजहारी नगरपालिका**

# स्थानीय राजपत्र

खण्ड : ५ | संख्या : १ | मिति : २०७८/०२/१४

**भाग-२**

**चौरजहारी नगरपालिका**

**प्रमाणित मिति :-** २०७८/०२/१६


## आन्तरिक विद्यार्थी मुल्याङ्कन कार्यविधि, २०७८

**१. पृष्ठभूमि :**

हाल विश्वव्यापी रुपमा फैलिएको महामारी कोभिड-१९ का कारणले भौतिक रुपमा विद्यार्थीलाई विद्यालयमा उपस्थित गराई औपचारिक मूल्याङ्कन गर्न नसकिने यस विषम परिस्थितिमा विद्यार्थीको शैक्षिक क्षतिलाई न्यूनिकरण गर्न तथा सबै बालबालिकाहरुको शैक्षिक सत्र पश्चात् कक्षान्नोति हुने नियमित प्रक्रियालाई एकरुपता, स्तरियता, प्रमाणिकरण र निरन्तरता दिन बाञ्छनीय भएकाले, चौरजहारी नगर कार्यपालिकाको मिति २०७८/०२/१४ गतेको बैठकले यो कार्यविधि स्वीकृत गरेको छ ।

**२. संक्षिप्त नाम तथा प्रारम्भः**

(१) यस कार्यविधिको संक्षिप्त नाम **"आन्तरिक विद्यार्थी मूल्याङ्कन कार्यविधि, २०७८"** रहको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**३. परिभाषा:**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

**(क) "ऐन"** भन्नाले नगर शिक्षा ऐन, २०७४ सम्झनु पर्नेछ ।

**(ख) "नियमावली"** भन्नाले नगर शिक्षा नियमावली, २०७४ सम्झानु पर्नेछ ।

**(ग) "कार्यविधि"** भन्नाले आन्तरिक विद्यार्थी मूल्याङ्कन कार्यविधि, २०७८ सम्झनु पर्नेछ ।

**४. उद्देश्य :**

यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहको छ :

(क) कोभिड-१९ को कारणले हुन नसकेको शैक्षिक शत्र, २०७७ एवम् आगामी शैक्षिक शत्रमा समेत महामारी तथा अन्य कारण हुन नसक्ने वार्षिक परीक्षाको मूल्याङ्कनका आधार तयार गर्ने ।


चौरजहारी नगरपालिका

(ख) प्रस्तावित आधार र परिधीभित्र रही नतिजा प्रकाशन गर्ने ।

**५. मूल्याङ्कनका आधारहरु :**

**५.१. आन्तरिक मूल्याङ्कनका आधारहरु :**

क) परियोजना कार्य तथा प्रश्नहरुको संगालो भाग १ (५०) दिनेको मूल्याङ्कन ।

ख) परियोजना कार्य तथा प्रश्नहरुको संगालो भाग २ (५०) दिनेको मूल्याङ्कन ।

ग) कक्षा परीक्षा

घ) आन्तरिक प्रयोगात्मक मूल्याङ्कन ।

ङ) आन्तरिक परियोजना कार्य मूल्याङ्कन ।

च) विद्यार्थी हाजिरी ।

छ) CAS

ज) कक्षा सहभागिता

झ) अनुशासन

**५.२. आवधिक मूल्याङ्कनका आधारहरु**

क) त्रैमासिक परीक्षा ।

ख) अर्थ वार्षिक परीक्षा

**६. समिति गठन :**

विद्यालयमा विद्यार्थी मूल्याङ्कनको लागि देहाय बमोजिमको एक समिति रहने छ :-

(क) संयोजक : परीक्षा समिति संयोजक वा प्रधानाध्यापक

(ख) सदस्य : सहायक प्रधानाध्यापक

(ग) सदस्य : तहगत इन्जार्च

(घ) सदस्य : कक्षा शिक्षकमध्ये कम्तिमा १ जना महिला शिक्षकसहित २ जना

**७. समितिको काम, कर्तव्य र अधिकार :**

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विषयगत तथा कक्षागत शिक्षकहरुबाट विद्यार्थीको आवश्यक अभिलेख संकलन गर्ने ।

(ख) उक्त अभिलेखलाई अनुसूची १ अनुसार तयार गर्ने/गराउने

(ग) तयार भएको अभिलेखलाई शिक्षक कर्मचारीबीचको भर्चुअल/प्रत्यक्ष छलफलबाट आएको सुझाव अनुसार अन्तिम रुप दिई प्रधानाध्यापक समक्ष राय प्रस्तुत गर्ने ।

**८. नतिजा प्रमाणिकरण :**

कक्षा १ देखि ४, कक्षा ६, कक्षा ७ र कक्षा ९ को नतिजा प्रमाणिकरण सम्बन्धित विद्यालयका प्रधानाध्यापकले र आधारभूत तह (कक्षा ५ र कक्षा ८) को नजिता प्रमाणिकरण शिक्षा, युवा तथा खेलकूद शाखाले गर्नेछ ।

**९. विविध :**

शैक्षिक शत्र, २०७७ को नतिजा यही २०७८ जेष्ठ मसान्तभित्र प्रकाशन गरी प्रमाणिकरण गर्नुपर्नेछ ।

# अनुसूची १ क

श्री ................................................... विद्यालय

चौरजहारी नगरपालिका वडा नं. .........रुकुम (पश्चिम)

***विद्यार्थी मूल्याङ्कन फाराम, २०७७***

कक्षा ............ १ - ३ ........................

| रो.नं. | विद्यार्थीको नाम | आवधिक मूल्याङ्कन (४०%) | | आन्तरिक मूल्याङ्कन (६०%) | | | | | | १००% |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | त्रैमासिक परीक्षा (१०%) | अर्धवार्षिक परीक्षा (३०%) | परियोजनात्मक कार्य भाग १ र भाग २ (२५%) | कक्षा सहभागिता (१५%) | हाजिरी (१०%) | अनुशासन (१०%) | (क) जम्मा (१००) (१००%) | (ख) CAS १००% | जम्मा (क + ख)/२ नोटः (क) अनिवार्य नभएको तर विद्यालयले चाहे माग गर्न सकने |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

***नोटः प्रयोगात्मक अंक पाठ्यक्रम अनुसार गर्ने***

**कक्षा शिक्षक :** **परीक्षा संयोजक :** **प्रधानाध्यापक :**

चौरजहारी नगरपालिका

## अनुसूची १ ख

श्री .................................................... विद्यालय

चौरजहारी नगरपालिका वडा नं. .........रुकुम (पश्चिम)

***विद्यार्थी मूल्याङ्कन फाराम, २०७७***

कक्षा ............ ४........................

| रो.नं. | विद्यार्थीको नाम | आवधिक मूल्याङ्कन (४०%) | | आन्तरिक मूल्याङ्कन (६०%) | | | | | | १००% |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | त्रैमासिक परीक्षा (१०%) | अर्धवार्षिक परीक्षा (३०%) | परियोजनात्मक कार्य भाग १ र भाग २ (२५%) | कक्षा सहभागिता (१५%) | हाजिरी (१०%) | अनुशासन (१०%) | (क) जम्मा (१००) (५०%) | (ख) CAS ५०% | जम्मा : (क) + (ख) |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

***नोटः प्रयोगात्मक अंक पाठ्यक्रम अनुसार गर्ने***

**कक्षा शिक्षक :** **परीक्षा संयोजक :** **प्रधानाध्यापक :**

चौरजहारी नगरपालिका

## अनुसूची १ ग

श्री ................................................... विद्यालय

चौरजहारी नगरपालिका वडा नं. .........रुकुम (पश्चिम)

***विद्यार्थी मूल्याङ्कन फाराम, २०७७***

कक्षा ............ ५ .......................

| रो.नं. | विद्यार्थीको नाम | आवधिक मूल्याङ्कन (४०%) | | आन्तरिक मूल्याङ्कन (६०%) | | | | | | १००% |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | त्रैमासिक परीक्षा (१०%) | अर्धवार्षिक परीक्षा (३०%) | परियोजनात्मक कार्य भाग १ र भाग २ (२५%) | कक्षा सहभागिता (१५%) | हाजिरी (१०%) | अनुशासन (१०%) | (क) जम्मा (१००) (५०%) | (ख) CAS ५०% | जम्मा : (क) + (ख) |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

***नोटः प्रयोगात्मक अंक पाठ्यक्रम अनुसार गर्ने***

**सम्बन्धित विद्यालयको प्रधानाध्यापक :** **शिक्षा शाखा प्रमुख** **नगरस्तरीय परीक्षा समिति अध्यक्ष :**

चौरजहारी नगरपालिका

## अनुसूची १ घ

श्री ........................................................ विद्यालय

चौरजहारी नगरपालिका वडा नं. .........रुकुम (पश्चिम)

***विद्यार्थी मूल्याङ्कन फाराम, २०७७***

कक्षा ............ ६ - ७ ........................

| रो.नं. | विद्यार्थीको नाम | आवधिक मूल्याङ्कन (४०%) | | आन्तरिक मूल्याङ्कन (६०%) | | | | | | १००% |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | त्रैमासिक परीक्षा (१०%) | अर्धवार्षिक परीक्षा (३०%) | परियोजनात्मक कार्य भाग १ र भाग २ (२५%) | कक्षा सहभागिता (१५%) | हाजिरी (१०%) | अनुशासन (१०%) | (क) जम्मा (१००) (६०%) | (ख) CAS (४०%) | जम्मा (क) + (ख) १००% |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

***नोटः प्रयोगात्मक अंक पाठ्यक्रम अनुसार गर्ने***

**कक्षा शिक्षक :** **परीक्षा संयोजक :** **प्रधानाध्यापक :**

चौरजहारी नगरपालिका

# अनुसूची १ ङ

श्री ........................................................ विद्यालय

चौरजहारी नगरपालिका वडा नं. .........रुकुम (पश्चिम)

***विद्यार्थी मूल्याङ्कन फाराम २०७७***

कक्षा ............ ९ ........................

| रो.नं. | विद्यार्थीको नाम | आवधिक मूल्याङ्कन (४०%) | | आन्तरिक मूल्याङ्कन (६०%) | | | | | | १००% |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | त्रैमासिक परीक्षा (१०%) | अर्धवार्षिक परीक्षा (३०%) | परियोजना कार्य १ र २ (२५%) | कक्षा सहभागिता (१५%) | हाजिरी (१०%) | अनुशासन (१०%) | प्रयोगात्मक (२५%) | जम्मा (क) | (क) जम्मा (१००%) |
| | | ७.५ | २२.५ | १५ | ११ | ११ | ८ | (७५) | २५ | १०० |
| | | | | | | | | | | |

***नोटः प्रयोगात्मक अंक पाठ्यक्रम अनुसार गर्ने***

**कक्षा शिक्षक :** **परीक्षा संयोजक :** **प्रधानाध्यापक :**

चौरजहारी नगरपालिका

# अनुसूची १ च

श्री .................................................... विद्यालय
चौरजहारी नगरपालिका वडा नं. .........रुकुम (पश्चिम)

***विद्यार्थी मूल्याङ्कन फाराम २०७७***

कक्षा ............ ८ ........................

| रो.नं. | विद्यार्थीको नाम | आवधिक मूल्याङ्कन (४०%) | | आन्तरिक मूल्याङ्कन (६०%) | | | | १००% |
|---|---|---|---|---|---|---|---|---|
| | | त्रैमासिक परीक्षा (१०%) | अर्धवार्षिक परीक्षा (३०%) | परियोजना कार्य भाग १ र भाग २ (२५%) | कक्षा सहभागिता (१५%) | हाजिरी (१०%) | अनुशासन (१०%) | (क) जम्मा (१००%) |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

***नोटः प्रयोगात्मक अंक पाठ्यक्रम अनुसार गर्ने***

**सम्बन्धित विद्यालयको प्रधानाध्यापक :** **शिक्षा शाखा प्रमुख :** **नगरस्तरीय परीक्षा समिति अध्यक्ष :**

चौरजहारी नगरपालिका

**आज्ञाले,**
नाम : रामबहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

चौरजहारी नगरपालिका